**बैठक संख्याः २०८०/८१-८**

आज मिति २०८०/०९/११ गते बुधबारको दिन बिहान ८ वजे सिद्ध कुमाख गाउँ कार्यपालिकाको आठौं बैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको बैठकहलमा देहायको सदस्य तथा व्यक्तिहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि तपशिलका निर्णयहरु गरियो ।

**उपस्थितिः**

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भरत गिरी | अध्यक्ष | |
| २ | श्री राम बहादुर वस्नेत | उपाध्यक्ष | |
| ३ | श्री डिल्ली खड्का | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री रमेश चलाउने | वडाध्यक्ष, १ नं वडा | |
| ५ | श्री मेक बहादुर बुढाथोकी | वडाध्यक्ष, २ नं वडा | |
| ६ | श्री जिवराज बोहरा | वडाध्यक्ष, ३ नं वडा | |
| ७ | श्री खर्कविर रोका | वडाध्यक्ष, ४ नं वडा | |
| ८ | श्री चुडामणी रेउले | वडाध्यक्ष, ५ नं वडा | |
| ९ | श्री बुदी कुवर | कार्यपालिका सदस्य | |
| १० | श्री आशा परियार | कार्यपालिका सदस्य | |
| ११ | श्री करुणा राना बस्नेत | कार्यपालिका सदस्य | |
| १२ | श्री मनि सार्की | कार्यपालिका सदस्य | |
| १३ | श्री केशर परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री भिम बहादुर विक | कार्यपालिका सदस्य | |

**अन्य उपस्थितिः**

१. श्री कमल चन्द — सहायक चौथो तह

२ श्री हेमा रेउले — का स

सिद्ध कुमाख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ढोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

प.स.२०८०।८१
च.न.

**मिति २०८०/०९/११ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा**
:

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।

२. नब प्रबर्तनमा आधारित स्थानीय आर्थिक विकास सम्बन्धि प्रतिबद्धता सम्बन्धमा ।

३. देहायको कार्यविधि सम्बन्धि छलफल सम्बन्धमा ।

- करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०८०
- आर्थिक सहायता तथा राहत वितरण कार्यविधि, २०८०
- इन्जिनियरिङ सेवामा कार्यरत कर्मचारीको फिल्ड सुविधा कार्यविधि, २०८०
- नगर प्रहरी सेवा सञ्चालन सम्बन्धि कार्यविधि, २०८०

४. विविध सम्वन्धमा ।

**निर्णय नं १:**

यस अघि मिति २०८०/०९/०५ गते बसेको गाउँ कार्यपालिकाको सातौं बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल तथा समिक्षा गरियो ।

**निर्णय नं २:**

संघिय मामिला तथा सामान्य मन्त्रालयको प.स. २०८०।८१ च. नं. ३१ मिति २०८०।०९।०५ को प्राप्त पत्र अनुसार चालु आव २०८०।८१ मा नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालनका लागि सिद्ध कुमाख गाउँपालिका सल्यान कार्यविधिको दफा ४०(२) को मापदण्ड पुरा गरि सकेको सन्दर्भमा नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि २०८० को दफा ४२ बमोजिम उक्त कार्यक्रम संचालन गर्नका लागि गाउँपालिकाको तर्फबाट १५ प्रतिशत रकम साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं ३:**

देहायको कार्यविधिहरु आजको कार्यपालिका बैठकबाट पारित गर्ने निर्णय गरियो ।

- करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०८०
- आर्थिक सहायतता तथा राहत वितरण कार्यविधि, २०८०
- इन्जिनियरिङ सेवामा कार्यरत कर्मचारीको फिल्ड सुविधा कार्यविधि, २०८०
- नगर प्रहरी सेवा सञ्चालन सम्बन्धि कार्यविधि, २०८०

**निर्णय नं ४:**

सिद्ध कुमाख गाउँपालिकाको वडा नं ५ छापडाँडा क्षेत्र विकट पहाडि भुगोल र शान्ति सुरक्षाको दृष्टिबाट निकै सम्बेदनशील क्षेत्र पर्ने भएकोले त्यहाँको स्थानीयको माग समेतका आधारमा वडा नं ५ को छापडाँडा र बनगाड कुपिण्डे नगरपालिकाको केहि भुभाग समेतलाई मध्यनजर गरि उक्त स्थानमा अस्थायी प्रहरी चौकि स्थापनाका लागि जिल्ला सुरक्षा समिति सल्यानलाई लेखि पठाउने निर्णय गरियो ।